# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०७९/०८०, बैठक नं १६)

मिति ः २०८० साल असार २४ गते

प्रस्तावहरुः

१. बिगतको कार्यपालिकाको निर्णय समीक्षा तथा खर्च अनुमोदन सम्बन्धमा
२. योजनाको म्याद थप सम्बन्धमा
३. खबरा खानेपानी सम्बन्धमा
४. झोलुङ्गे पुलको भुक्तानी सम्बन्धमा
५. महारानीस्थान नाली निर्माणको भुक्तानी सम्बन्धमा
६. आर्थिक वर्ष २०७९/०८० को प्रगति समीक्षा सम्बन्धमा
७. कालीगण्डकी पेट्रोलपम्म सार्ने निर्णय सम्बन्धमा
८. सवारी साधन खरिद सम्बन्धमा
९. करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा
१०. सवारी साधन माग गर्ने सम्बन्धमा
११. नगर प्रहरी राशन भत्ता सम्बन्धमा
१२. सार्वजनिक निजी साझेदारी समितिको निर्णय अनुमोदन सम्बन्धमा
१३. सार्वजनिक जग्गा भाडादर निर्धारण तथा बक्यौता असुल उपर समितिको निर्णय कार्यान्वयन सम्बन्धमा
१४. घर बहाल कर निर्धारण समितिको निर्णय अनुमोदन सम्बन्धमा
१५. विविध

निर्णयहरु ः

१. बेनी नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । नगरपालिकाबाट भएका खर्चहरु अनुमोदन गर्नुका साथै कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

२. बेनी नगरपालिका अन्तर्गत सञ्चालित योजनाहरुमध्ये देहाय बमोजिमका योजनाहरुका लागि चालु आर्थिक वर्षमा विभिन्न विपदजन्य प्रकोप, निर्माणस्थलको उपलब्धता हुन नसकेको, निर्माण सामाग्रीहरुको न्यून उपलब्धता र अन्य विविध कारणबाट समयमा सम्पन्न हुन नसकेका देहायका योजनाहरुलाई नेपाल सरकारबाट मिति २०८०/०३/२१ मा जारी बाधा अड्काउ फुकाउ सम्बन्धी सूचना बमोजिम देहायको अवधिका लागि म्याद थप गरी निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

| सि नं | आयोजनाको नाम | म्याद थप गरिएको मिति | कैफियत |
|---|---|---|---|
| १ | रावण पार्क निर्माण | २०८० फागुन मसान्त | |
| २ | गाँजने नयाँगाउँ पुलाडाँडा पुरुन्डे खानेपानी योजना | २०८० असोज मसान्त | |
| ३ | सिङ्गा कोल्ड स्टोर निर्माण | २०८० असोज मसान्त | |

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

| सि.नं. | आयोजनाको नाम | म्याद थप गरिएको मिति | कैफियत |
|---|---|---|---|
| ४ | भकिम्ली स्वास्थ्य चौकी निर्माण | २०८० असोज मसान्त | उपभोक्ताबाट सञ्चालित रहेकोमा सम्पन्न नभएकोले हालको रकम आगामी वर्ष अ.ल्या गराई आगामी वर्ष भुक्तानी गर्ने |
| ५ | वडा नं ८ पीच मर्मत | २०८० माघ मसान्त | उपभोक्ताबाट सञ्चालित रहेकोमा सम्पन्न नभएकोले हालको रकम आगामी वर्ष अ.ल्या गराई आ.व. २०८०/०८१ का लागि विनियोजित रकममा थप गरी कार्यसम्पन्न गराई भुक्तानी गर्ने |

३. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको साझेदारी र मिलन म्याग्दीको समन्वय बेनी नगरपालिका वडा नं ३ स्थित ठुलोखोला र चिनाखेत झोलुङ्गे पुल निर्माणको कार्यसम्पन्न भैसकेको भएता पनि भुक्तानीका लागि रकम उपलब्ध नभएको हुँदा आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने गरी प्राप्त भएको रकम रु ३५ लाख बाट उल्लेखित योजनाको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

४. बेनी नगर कार्यपालिकाको मिति २०७९/११/२९ गतेको निर्णयानुसार बेनी नगरपालिका वडा नं ७ महारानीस्थानस्थित बस्ती, नाली तथा सडक निर्माण योजनाका लागि रु १२ लाख विनियोजन गरिएकोमा प्राविधिक मूल्याङ्कन बमोजिम प्रदान गरिएको रनिङ बिल भुक्तानी दिने निर्णय गरियो ।

५. बेनी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति समीक्षा कार्यक्रम आ.व. २०८०/०८१ को प्रथम चौमासिकभित्र गर्ने निर्णय गरियो ।

६. बेनी नगरपालिका वडा नं ८ कालीपुलस्थित कालीगण्डकी पेट्रोलपम्मको सडक मापदण्ड सहितको सिफारिश माग भई आएकोले बेनी नगरपालिकाबाट निर्धारित सडकको राइट अफ वे बीच सडकबाट १५ मिटर र सेट ब्याक बापतको ६ मिटर गरी जम्मा २१ मिटरको मापदण्ड पालना गर्ने र नियमानुसार अन्य निकायबाट सहमती वा स्वीकृति लिनुपर्ने भएमा सो समेत लिने शर्तमा बिक्रीस्थल परिवर्तनका लागि सिफारिश गर्ने निर्णय गरियो ।

७. बेनी नगरपालिकाको नेपाल सरकार र प्रदेश सरकारको अनुदानबाट सञ्चालित योजनाहरुको कन्टेन्जेन्सी बापत प्राप्त भएको रकमबाट तीन थान मोटरसाइकल खरिद गर्ने निर्णय गरियो ।

८. बेनी नगरपालिका अन्तर्गत विभिन्न पदमा करारमा कार्यरत कर्मचारीहरु मध्ये तोकिएको दरबन्दी बाहिर रहेका भनी अन्तिम लेखापरीक्षणको क्रममा बेरुजु समेत उल्लेख हुने गरेका कर्मचारीहरुको म्याद थप नगर्ने र सेवा करार समाप्त गर्ने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख

तपसिल

| सि नं | कर्मचारीको नामथर | पद | कार्यरत शाखा/कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | युवराज आचार्य | सहायक पाँचौ | राजश्व शाखा | |
| २ | दीपक शर्मा | सहायक चौथो | प्रशासन शाखा | |
| ३ | सविता शर्मा कँडेल | सहायक चौथो | योजना शाखा | |
| ४ | ज्ञानेन्द्र के.सी. | सहायक चौथो | राजश्व शाखा | |
| ५ | निर्मला सुवेदी | सहायक चौथो | राजश्व शाखा | |
| ६ | गोपाल शर्मा | सवारी चालक | प्रशासन शाखा | |
| ७ | थम बहादुर शाही | सवारी चालक | प्रशासन शाखा | |
| ८ | जयलक्ष्मी पुन | कार्यालय सहयोगी | वडा नं ३ को कार्यालय | |
| ९ | बिमला खत्री | कार्यालय सहयोगी | वडा नं १० को कार्यालय | |

९. बेनी नगरपालिका अन्तर्गत देहायका विद्यालयमा दरबन्दी रही यस कार्यालय अन्तर्गत स्रोत व्यक्तिका रुपमा काज खटाइएका तपसिल बमोजिमका कर्मचारीहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं ५५१७१ मिति २०८०/०२/०३ गतेको पत्र अनुसार काज फिर्ताका लागि लेखी आएकोमा सोही बमोजिम काज फिर्ता गर्ने निर्णय गरियो ।

| सि नं | कर्मचारीको नामथर | दरबन्दी रहेको विद्यालय | कैफियत |
|---|---|---|---|
| १ | जयराम सुवेदी | प्रकाश मावि बेनपा ७ | |
| २ | मोहन बानियाँ | पौलस्त्य मावि बेनपा ५ | |

१०. बेनी नगरपालिका अन्तर्गत करारमा रहेका कर्मचारीहरुमध्ये निर्णय नं ८ बमोजिमका कर्मचारी बाहेक अन्यको देहाय बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

क. कार्यक्रम तर्फबाट तलबभत्ता खाने कर्मचारीहरुको २०८१ असार मसान्तसम्म म्याद थप गर्ने ।

ख. नगरपालिका कोषबाट तलब भत्ता खाने कर्मचारीहरुको २०८० पौष मसान्तसम्म म्याद थप गर्ने ।

११. कृषकहरुले स्थानीयस्तरमा उत्पादन गरेका कृषि उत्पादनहरुलाई सदरमुकामसम्म ल्याउन तथा फलफुल तथा तरकारी ओसार पसारको कार्यमा सहयोग पुग्ने गरी एक थान डबल क्याब भ्यान उपलब्ध गराउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

१२. बेनी नगरपालिका अन्तर्गत विभिन्न पदमा कार्यरत रहेका नगर प्रहरीहरुको कार्यसम्पादनको मूल्याङ्कन, कार्य गर्नुपर्ने समय लगायत अन्य विषयहरुमा विचार गरी मासिक देहाय बमोजिमको राशन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

क. नगर प्रहरी हवल्दारलाई मासिक रु ४५०० (अक्षरेपी रु चार हजार पाँच सय रुपैयाँ मात्र)

ख. नगर प्रहरी सिपाहीलाई मासिक रु ४००० (अक्षरेपी रु चार हजार रुपैयाँ मात्र)

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

१३. सार्वजनिक जग्गा भाडादर निर्धारण तथा बक्यौता असुर उपर समिति मिति २०८०/०३/२१ र २०८०/०३/२२ गतेको देहाय बमोजिमको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

क. सघन शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयबाट निर्माण सम्पन्न गरी बेनी नगरपालिकालाई हस्तान्तरण भई आएको कालीपुल बसपार्कस्थित टर्मिनल भवनमा तपसिल बमोजिमको यातायात व्यवसायीहरुलाई निम्न अनुसारको भाडा लिने गरी काउन्टर सञ्चालन गर्न २०८० साउन १ गतेदेखि २ वर्षका लागि दिने निर्णय गरियो ।

| सि नं | यातायात काउन्टरको नाम | काउन्टर नं | मासिक भाडा रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | जय मातादी यातायात प्रा.लि. | १ | १२००० | |
| २ | निलगिरी यातायात प्रा.लि | २ | १२००० | |
| ३ | म्याग्दी कोरला यातायात प्रा.लि. | ३ | १२००० | |
| ४ | म्याग्दी यातायात प्रा.लि | ४ | १५००० | |
| ५ | मंगलाकाली यातायात प्रा.लि. | ५ | १५००० | |
| ६ | धवलागिरी यातायात प्रा.लि. | ६ | १५००० | |
| ७ | बाग्लुङ्ग भगवती यातायात प्रा.लि. | ७ | १०००० | |
| ८ | बेनी यातायात प्रा.लि | ८ | १०००० | |

ख. काउन्टर सञ्चालनका लागि आवश्यक पर्ने व्यवस्थापन सामाग्री (कुर्ची टेबल आदी) स्वयं यातायात व्यवसायी हरुले नै व्यवस्थापन गर्नुपर्नेछ भने पानी बिजुलीको र सुरक्षाको व्यवस्थापन बेनी नगरपालिकाको तर्फबाट गर्ने निर्णय गरियो ।

ग. म्याग्दी जिल्लाभित्र सेवा दिने सवारी साधन (ट्याक्सी, बस जीप आदी) लाई कालीपुल ट्राफिक कार्यालयको दायाँतर्फ रहेका सटरहरुमा काउन्टर सञ्चालन गर्न दिइने छ ।

घ. सवारी साधनलाई व्यवस्थित पार्किङ गर्नका लागि तपसिल बमोजिमको स्थानमा पार्किङ्ग गर्नुपर्ने निर्णय गरियो ।

| | |
|---|---|
| अ. लामो दुरीको बस | टर्मिनल भवनको बायाँ तर्फ |
| आ. माइक्रो बस जीप ट्याक्सी | टर्मिनल भवनको दायाँ तर्फ |
| इ. ट्याक्टर टिपर | पेट्रोलपम्पको नजिक |
| ई. म्याग्दी मुस्ताङ लोकल बस जीप ट्याक्सी | बालमन्दिर मावि अगाडी |
| उ. होटल व्यवसायी बसेको पर्यटन गाडी | कस्तुरी होटेल अगाडी |
| ऊ. पर्यटक तथा यात्रु चढ्ने झर्ने सवारी साधन | पिपलबोट अगाडी |

ङ. यस नगर क्षेत्रभित्रको सार्वजनिक जग्गा तथा वेनी नगरकार्यपालिकाको कार्यालयको स्वामित्वमा रहने गरी निर्माण गरिएको संरचनामा भाडामा बस्दै आएका तपसिल बमोजिमका पुन भाडामा लिई बस्न चाहने व्यक्तिगत व्यवसायीहरुको २०८०।०३।३० मा सम्झौता अवधी सकिएकोले २०८० असार मसान्त सम्मको भाडा भुक्तानी गर्न लगाइ निजहरुलाई २०८०।०४।०१ गते देखि लागु हुने गरि वढिमा २ वर्ष (२०८२ असार मसान्त सम्म) को लागि निजहरुको व्यापार व्यवसायको अवस्था, भौगोलिक अवस्थिती र



सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

वहालमा दिइएको संरचनाको अवस्थालाई मध्यनजर गरि तपशिल बमोजिमको भाडादरमा निजहरुसँग भाडा सम्झौता गर्ने निर्णय गरियो ।

| क्र.स. | भाडामा बस्नेको विवरण | मासिक भाडादर | स्थान |
|---|---|---|---|
| १ | इन्द्रदेवी घर्ति मगर | रु ५००० | बहुउद्देश्यीय मैदान सटर नं २ |
| २ | गोकुल जैसी | रु ६००० | बहुउद्देश्यीय मैदान सटर नं. ३ |
| ३ | संन्तोष कुमार शाह | रु ७७०० | बहुउद्देश्यीय मैदान सटर नं. १ |
| ४ | संन्तोष कुमार शाह | रु ४५० प्रतिहाल | बहुउद्देश्यीय मैदान १२ हात खालि जग्गा |
| ५ | रक्षा पौडेल | रु ८८०० | मालपोत कार्यालय अगाडी |
| ६ | टुक वहादुर लोहोर | रु २००० | गलेश्वर जाने वाटोको छेउ १० हात खालि जग्गा |
| ७ | बेनी यातायात प्रालि | रु ५००० | बहुउद्देश्यीय मैदान यातायात टङ्की काउन्टर |
| ८ | म्याग्दी यातायात प्रालि | रु ५००० | बहुउद्देश्यीय मैदान यातायात टङ्की काउन्टर |
| ९ | धौलागिरी गण्डकी यातायात प्रालि | रु ५००० | बहुउद्देश्यीय मैदान यातायात टङ्की काउन्टर |

च. वेनी नगरपालिका वडा नं. ८ कालिपुल मा खेम के.सी र प्रेम गीरीलाई आ.व.०७९/०८० को लागि वहालमा दिएकोमा निजहरुसँगको सम्झौता २०८० असार मासान्त पश्चात सकिएको र सो स्थानमा वेनी न.पा.को तर्फबाट निकट भविष्यमा तरकारी बजार व्यवस्थापनको लागि संरचना निर्माण गरिने सम्भावना भएकोले हाललाई तीन महिनाको लागि खेम के.सी. लाई रु ४०४६३। र प्रेम गिरीलाई रु १९९८१। मा मासिक भाडा लिने गरि सम्झौता गर्ने निर्णय गरियो ।

छ. बेनी नगरपालिका बहुउद्देश्यीय मैदानमा रहेका सटरमा यस नपाबाट सम्झौता गरी बस्ने दिल गिरी र सुजाता सुवेदीले चालु आ.व. को सम्झौतामा तोकिए बमोजिमको भाडा बापतको रकम २०८० असार मसान्तसम्म दाखिला नगरेमा २०८० श्रावण १ गतेदेखि निजहरुलाई हटाई सटर अन्य व्यक्तिलाई भाडामा लगाउने निर्णय गरियो ।

१४. बेनी नगरपालिकाको घर बहाल कर कार्यविधि बमोजिमको घर जग्गा बहाल न्यूनतम मूल्याङ्कन समितिको मिति २०८०/०३/२१ गतेको बैठकका निर्णयहरु अनुमोदन गरी आगामी २०८० साल साउन १ गतेदेखि लागु हुने गरी कर तथा राजश्व संकलन गर्ने गराउने निर्णय गरियो ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३